2280/449

# राष्ट्रिय सूचना आयोग

## प्रमुख सूचना आयुक्त कृष्णहरि बाँस्कोटा
## सूचना आयुक्त यशोदादेवी तिम्सिना

**आदेश**

**मु.नं. २२०/०७३/७४**

**निर्णय नं. ४४१**

जिल्ला महोत्तरी, बनौली दनौली गा.वि.स.-५ घर भई
हाल का. म. न. पा.-३५ निबासी शारदा भुषाल (झा) .........................................१ } पुनरावेदक

**विरूद्ध**

कार्यालय प्रमुख, जिल्ला शिक्षा कार्यालय, सप्तरी .........................................१ } विपक्षी
सूचना अधिकारी, जिल्ला शिक्षा कार्यालय, सप्तरी .........................................१

**विषय :- सूचना उपलब्ध गराएकोले लगत कट्टा गर्नु ।**

जिल्ला महोत्तरी, बनौली दनौली गा.वि.स.-५ घर भई हाल का. म. न. पा.-३५ निबासी शारदा भुषाल (झा)ले जिल्ला शिक्षा कार्यालय, सप्तरी समक्ष तपसिल बमोजिमको सूचना माग गरेकोमा सूचना उपलब्ध नगराएकोले उपलब्ध गराई पाउँ भनी यस आयोग समक्ष मिति २०७३।०७।१९ मा पुनरावेदन गरेको । प्रस्तुत पुनराबेदनको सम्बन्धमा यस आयोगबाट पुनरावेदकलाई ७ (सात) दिन भित्र माग बमोजिमको सूचना उपलब्ध गराउनू भनी जिल्ला शिक्षा कार्यालय, सप्तरीलाई मिति २०७३।०८।१३ मा आदेश भएको । उक्त आदेश कार्यान्वयनको लागि आयोगको च. नं. ७२३ मिति २०७३।०८।१९ को पत्रबाट लेखी गएको । तत् पश्चात पुनरावेदकले जिल्ला शिक्षा कार्यालय, सप्तरीबाट माग बमोजिमको सूचना प्राप्त गरेको भनी हस्ताक्षर गरेकोले सो सम्वन्धमा थप केही गरिरहनु परेन । प्रस्तुत पुनरावेदनको लगत कट्टा गर्नू । यसको जानकारी पुनरावेदकलाई पनि दिनू ।

(यशोदादेवी तिम्सिना)
सूचना आयुक्त

(कृष्णहरि बाँस्कोटा)
प्रमुख सूचना आयुक्त

ईति सम्वत् २०७३ साल माघ २८ गते रोज ६ शुभम् ।